**बैठकका प्रस्तावहरु**

१. जैमिनी नगर भित्रका सडक सरसफाई र मर्मत सम्भार सम्बन्धमा ।
२. सामाजिक सुरक्षा भत्ता वितरणका लागि सहजिकरण सम्बन्धमा ।
३. नगरपालिका भित्रका युवाहरुको सीप बिकासका लागि खुला आवेदन माग सम्बन्धमा ।
४. जैमिनी नगरपालिका ३ दमेक नौलाको पहिरो नियन्त्रणका लागि रकम विनियोजन सम्बन्धमा ।
५. बेवारिसे सव व्यबस्थापन सम्बन्धमा ।
६. जैमिनी ४ स्थित थन्थाप भगवती मन्दिरमा बिद्युत व्यबस्थापन सम्बन्धमा ।
७. प्रहरी चौकी कुश्मीसेरा र बेलवगरमा कार्यरत प्रहरी कर्मचारीका लागि म्याट्रेक्स ब्यबस्थापन सम्बन्धमा ।
८. जैमिनी धाम कुश्मीसेरा सडक कालोपत्रेको प्रकृया अगाडी बढाउने सम्बन्धमा ।
९. बिबिध
   १) चाडपर्व मितव्ययी रुपमा मनाउने र आफ्नो टोल छिमेक सरसफाई गर्ने सम्बन्धमा ।
   २) नगरपालिका भित्रको यातायात व्यबस्थापन सम्बन्धमा ।
   ३) नगर क्षेत्र भित्रका बाटो अवरुद्द हुनेगरी सडक छेउमा राखिएका सामाग्री हटाउने सम्बन्धमा ।
   ४) उपभोक्ता समिति गठन सम्बन्धमा ।
   ५) शोक प्रस्ताव सम्बन्धमा ।
   ६) शुभकामना आदान प्रदान सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा २०७९ सालको नेपालीहरुको महान चाड वडादशैँ निकटमा आइरहेको सन्दर्भमा बिगतको बर्षाको कारणले बिग्रिएको नगरपालिका भित्रका सडकहरु सरसफाई र मर्मत गरी नगरवासीहरुलाई यातायातमा सहजता हुने व्यबस्थाका लागि दिगो सडक र न.पा. स्तरिय सडक नगरपालिकाले र वडा स्तरिय सडकहरु वडा कार्यालयले मर्मत संभार कोषबाट रकम खर्च गर्ने गरी तदारुकताका साथ सरसफाई र मर्मत गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता दशैँ र तिहारको बिचमा सम्बन्धित वडाका पायक पर्ने स्थानमा बैँकहरुद्वारा बितरण गर्ने कार्यका लागि जनशक्ति र सुरक्षाका बिषयमा वडा कार्यालय र नगरपालिकाबाट आबश्यक सहजिकरण गरी प्रभावकारी व्यबस्थापन मिलाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा जैमिनी नगरपालिकाको नीति तथा कार्यक्रम अनुसार नगरपालिका भित्रका युवाहरुको सीप बिकासका लागि युवा र सीप सम्बन्धि कार्यक्रम छनौट प्रयोजनार्थ मिति २०७९।०६।२६ देखि २०७९।०७।२४ सम्म ३० दिने सूचना प्रकाशन गरी खुला आवेदन माग गर्ने र सोको ढाँचा नगरपालिकाले तयार गरी वडा कार्यालय मार्फत आवेदन संकलन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा जैमिनी नगरपालिका वडा नं. ३ दमेक नौलाको पहिरो नियन्त्रणका लागि प्राबिधिकबाट तयार भएको लागत अनुमान बमोजिम पहिरो नियन्त्रण र मर्मतको कार्य सम्पन्न गराई बिपद व्यबस्थापन कोषबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा जैमिनी नगरपालिका क्षेत्र भित्र बेवारिसे सव ब्यबस्थापन प्रयोजनका लागि प्रति सब बढीमा रु. २५००० (पचिस हजार रुपैया) सम्म आवश्यक कागजातका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।